# अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८३/०६/१५ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः-

| सि.नं | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी तथा विशेष अदालतको फैसला | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादीहरु मन्थली नगर विकास समिति, मन्थली, रामेछापका नायब सुब्बा, सघन सहरी तथा भवन निर्माण आयोजना, मन्थली, रामेछापमा काजमा समेत कार्य गरेका **टीकाप्रसाद भट्ट** ६ जना मु.नं (०८१-CR-०१०९) फैसला मिति २०८२/१२/१७ | सार्वजनिक सम्पत्तिको हिनामिना दुरूपयोग गरी भ्रष्टाचार गरेको समेत। | **आयोगको माग दावी**<br>• **प्रसघन शहरी तथा भवन निर्माण आयोजना रामेछपको तत्कालीन आयोजना प्रमुख प्रतिवादी अमरबहादुर थापाको हकमाः-** प्रतिवादी अमरबहादुर थापालाई भ्रष्टाचार निवारण ऐन, २०५९ दफा ६ बमोजिमको कसूरमा बिगो **रू.२,७३,२८५।-(अक्षेरेपि दुई लाख त्रिहत्तर हजार दुई सय पचासी रूपैंयाँ)** कायम गरी सोही ऐनको दफा ६ ले निर्देश गरे बमोजम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (घ) तथा ऐ ऐन, २०५९ (पहिलो संशोधन सहित)को दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिबाना गरी सोही ऐनको दफा ६ बमोजिम बिगो असूल गरिपाउन र निज **प्रतिवादी अमरबहादुर थापाले सरकारी सार्वजनिक सम्पत्ति हिनामिना हानिनोक्सानी गरी भ्रष्टाचार गरेको सम्बन्धमा निजले** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा **विगो रू.६६,०००।-(अक्षेरेपि छैसठ्ठी हजार रूपैंयाँ)** कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (ग) तथा ऐ.को (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ख) बमोजिम कैद र ऐ ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिबाना सजाय हुन समेत व्यहोराको मागदावी लिई विशेष अदालत समक्ष मुद्दा दायर हुन भएको देखिन्छ।<br>• **सघन शहरी तथा भवन निर्माण आयोजना, रामेछापमा आयोजना प्रमुखको रूपमा कार्यरत प्रतिवादी नारायणप्रसाद भण्डारीको हकमाः-** निज प्रतिवादी नारायणप्रसाद भण्डारीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा विगो रू.२,०७,७७५।-(अक्षेरपि दुई लाख सात हजार सात सय पचहत्तर रूपैंयाँ) कायम गरी सोही ऐनको दफा १७ ले बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (घ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा | **फैसलाः**<br>प्रतिवादीहरुलाई आंशिक सफाई दिने गरी भएको फैसला।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः**<br>• प्रतिवादी अमरबहादुर थापा, नारायणप्रसाद भण्डारी, सुरेशकुमार वाग्ले, सुरेशप्रसाद दाहाल र यमलाल बेल्वासे समेतले अनुसन्धानको क्रममा र अदालतमा वयान गर्दा कसूरमा इन्कार रही तत्कालीन समयमा कार्यालयको अभिलेख, काज/भ्रमण आदेश तथा प्रतिवेदनका आधारमा भत्ता उपलब्ध गराएको र पछि दोहोरो परेको रकम बेरुजु देखिएपछि राजस्वमा दाखिला भइसकेकोले भन्ने समेत ब्यहोरा गरेको देखिएको।<br>• कसूर ठहर भएका प्रतिवादी टीकाप्रसाद भट्टले अनुचित दोहोरो सुविधा प्राप्त गरेको तथ्य र अन्य प्रतिवादीहरुले जानीबुझी बदनियतपूर्वक त्यस्तो सुविधा उपलब्ध गराएको तथ्य बीच आवश्यक आपराधिक सम्बन्ध पर्याप्त रूपमा प्रमाणित हुन सक्ने अवस्था नदेखिएको। | • प्रस्तुत मुद्दामा प्रतिवादी अमरबहादुर थापा, नारायणप्रसाद भण्डारी र सुरेशकुमार वाग्ले सघन सहरी तथा भवन निर्माण आयोजनाको कार्यालयमा तत्कालीन वारदात समयमा कार्यालय प्रमुखहरुको पदमा बहाल रहेको देखिन्छ भने उक्त समयमा प्रतिवादी यमलाल बेलवासे र सुरेशप्रसाद दाहाल लेखा प्रमुखको पदमा बहाल रहेको देखिन्छ।यि प्रतिवादीहरुले प्रतिवादी मध्येका टीकाप्रसाद भट्टसँगको मिलोमतो तथा योजनामा निजलाई गैरकानूनी तवरबाट आफ्नै कार्यालयबाट दोहोरो भत्ता दिएको तथ्य स्थापित बएको देखिन्छ। आफ्नै कार्यालयको राष्ट्रसेवक कर्मचारी प्रतिवादी टीकाप्रसाद भट्टले आफ्नो वास्तविक परिचय लुकाई एकै समयमा गैरकानूनी रूपमा कान्तिपुर पब्लिकेशन लि.मा स्थायी नियुक्ति लिएर काम गरी तलब भत्ता तथा पारिश्रमक वापत सेवा सुबिधा लिएको, मन्थली बचत तथा ऋण सहकारी संस्था लि. मन्थलीको संस्थापक सदस्य र सञ्चालक समितिमा रही काम गरी परिश्रमिक वापत भत्ता तथा सुविधा लिएको, मिडाड नेपाल नामक विज्ञापन एजेन्सीको स्थानीय प्रतिनिधि/साईट म्यानेजर भई कमिशन रकम लिएको, सिटिजन्स लाइफ इन्स्योरेन्स लि.को बीमा अभिकर्ताको रूपमा काम गरी कमिशन लिएको, आफू कर्मचारी भन्ने वास्तविक परिचय लुकाई कान्तिपुर दैनिकको पत्रकारको हैसियतले एकै समयमा विभिन्न कार्यालयहरूबाट दोहोरो हुने गरी भ्रमण/काज खटिई भ्रमण भत्ता तथा बैठक भत्ता वापतको रकम बुझी लिँदासमेत उक्त विषयमा कार्यालय प्रमुख रहेका यि प्रतिवादीहरु अमरबहादुर थापा, नारायणप्रसाद भण्डारी र सुरेशकुमार वाग्ले आवश्यक कारवाही गरेको नदेखिदा कार्यालय प्रमुख रहेका यि प्रतिवादीहरू अमरबहादुर थापा, नारायणप्रसाद भण्डारी, सुरेशकुमार वाग्ले र लेखा प्रमुखको पदमा रहेका यि प्रतिवादीहरु यमलाल बेलवासे, सुरेशप्रसाद दाहालले करार नायब सुब्बा पदमा कार्यरत प्रतिवादी टीकाप्रसाद भट्टको उक्त कार्यलाई ढाक छोप गरि सम्बन्धित निकायको अनुमति नलिई कान्तिपुर पब्लिकेशन प्रा.लि.मा अस्थायी तथा स्थायी रूपमा नियुक्ति लिई तथा सहकारी संस्थामा संलग्न भई तथा बीमा अभिकर्ताका रूपमा समेत कार्य गरी क्रमशः रु.४२,३४,०४१/-, रु.७,५५,८०५/- र रु.७,३०,५८४/- गरी जम्मा रु.५७,२०,४३०/- बराबरको रकम प्राप्त गरि हिनामिना हानी नोक्सानी पुर्याएको, सरकारी कर्मचारीको रूपमा कार्यरत रहेको अवस्थामा पत्रकारको हैसियतमा विभिन्न सरकारी कार्यालयबाट भ्रमण भत्ता तथा बैठक भत्ताबापत प्राप्त गरि रु.३,०४,६५०/- हिनामिना गरेको, सरकारी सेवामा कार्यरत रहँदा दोहोरो/तेहेरो रूपमा भ्रमण भत्ता लिएको तथा अस्थायी रूपमा कार्यरत रहेको अवस्थामा कानून बमोजिम नपाउने ग्रेडबापतको रकमसमेत लिई सरकारी निकायलाई रु.८,९८,७६६/- बराबरको हानि–नोक्सानी पुऱ्याई आफूलाई गैरकानूनी लाभ प्राप्त गरेको जस्ता भ्रष्टाचारजन्य कसूरलाई गुमराहमा राखी नजर अन्दाज गरि (Omission in the Corruption Related Crime) आफुहरुले समेत निज टिका प्रशाद भट्ट सँग मिलेमतो गरि निजको नामवाट प्राप्त रकमवाट फाइदा प्राप्त गरेको तथ्य स्थापित हुदा हुदै उक्त तथ्य एवं प्रमाणको न्यायिक बिश्लेषण नगरि प्रतिवादिहरुलाई आरोप दावीवाट सफाई हुने ठहर गरि भएको फैसला त्रुटिपुर्ण देखिदा सो हद सम्म बदर भागी छ।<br>• विशेष अदालतवाट उपरोक्त अनुसार फैसला गर्दा निज प्रतिवादी अमर बहादुर थापा समेतले सहप्रतिवादी टीकाप्रसाद भट्टले पेश गरेका भ्रमण आदेश, भ्रमण बिल तथा बैठकसम्बन्धी कागजातका आधारमा भुक्तानी गरेको र निजको अन्य पेशा–व्यवसाय वा समानान्तर काजबारे पछिबाट जानकारी भएको हुन सक्ने भनी आधार लिएको देखिएतापनि प्रतिवादी मध्येका टीकाप्रसाद भट्टले सरकारी कर्मचारीकै हैसियतमा विभिन्न कार्यालयबाट काज, भ्रमण तथा बैठक भत्ता लिएको र समानान्तर रूपमा अन्य संस्थासँग समेत आबद्ध रही लाभ लिएको तथ्य एकै कार्यालयमा कार्यरत ३\३ जना कार्यालय प्रमुखहरु |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | (१) बमोजिम बिगो बमोजिम जरिबाना सजाय हुन समेत व्यहोराको मागदावी लिई विशेष अदालत समक्ष मुद्दा दायर हुन भएको देखिन्छ।<br>• **सघन शहरी तथा भवन निर्माण आयोजना, रामेछापमा तत्कालीन लेखा प्रमुखको रूपमा कार्यरत प्रतिवादी यमलाल बेल्वासेको हकमाः-** प्रतिवादी यमलाल बेल्वासेलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ६ बमोजिमको कसूरमा बिगो रू.२,७३,२८५।-(अक्षरेपि दुई लाख त्रिहत्तर हजार दुई सय पचासी रूपैंयाँ) कायम गरी सोही ऐनको दफा ६ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (घ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधनसहित) को दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिबाना गरी सोही ऐनको दफा ६ बमोजिम बिगो असूल गरिपाउन र निज प्रतिवादी यमलाल बेल्वासेलाई लाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा विगो रू.३,१९,१७५।-(अक्षरेपि तीन लाख उन्नाईस हजार एक सय पचहत्तर रूपैंयाँ) कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (घ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिबाना सजाय हुन समेत व्यहोराको मागदावी लिई विशेष अदालत समक्ष मुद्दा दायर हुन भएको देखिन्छ।<br>• **सघन शहरी तथा भवन निर्माण आयोजना, रामेछापमा तत्कालीन आयोजना प्रमुखको रूपमा कार्यरत प्रतिवादी सुरेशकुमार वाग्लेको हकमाः-** प्रतिवादी सुरेशकुमार वाग्लेलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा विगो रू.३,९५,४२०।-(अक्षेरुपी तीन लाख पन्चानब्बे हजार चार सय बीस) कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (घ) तथा ऐ.को (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम कैद र ऐ. को दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिबाना सजाय | | र २\२ जना लेखा प्रमुखहरुलाई थाहा हुन नसक्ने अवस्था नै हुदैन। सह प्रतिबादी टिका प्रशाद भट्टवाट भरपुर Illegal Advantage प्राप्त गरेका यि प्रतिवादीहरुले उक्त तथ्यलाई गुमराहमा राखि सम्पुर्ण कार्यको दोस एक जना प्रतिवादी उपर राखी आफुले आपराधिक कार्यवाट उन्मुक्ति लिने उदेश्यका साथ ईन्कारी बयान गरेको तथ्य स्थापित भएको देखिन्छ। आफुहरु कार्यालय प्रमुखको पदमा रही मातहतका करर्मचारीहरुलाई काज तोकी पठाउने, भ्रमण आदेश स्वीकृत गर्ने, बिल परीक्षण गर्ने, भुक्तानी सदर गर्ने तथा लेखा परीक्षणको जिम्मेवारीमा रहेका यि प्रतिवादीहरूले आफ्नो पदीय कर्तव्यअनुसार आवश्यक सावधानी, परीक्षण र cross-check नगरि भ्रष्टाचारजन्य कार्यलाइ प्रश्रय दिनु नै आफू समेत संलग्न रहनु हो भन्ने तथ्य एक सामान्य विवेक भएको मानिसले समेत अनुमान गर्न सक्ने अवस्थामा उक्त तथ्यलाई केवल Administrative Error को रुपमा लिई सामुहिक जिम्मेवारि र दायित्बमा रहेका केही प्रतिवादीहरुलाई सफाइ हुने ठहर गरि भएको फैसला त्रुटीपुर्ण देखिदा बदर भागी छ।<br>• सार्वजनिक पदमा रहेको व्यक्ति उपर राज्यले उच्चस्तरको उत्तरदायित्व (accountability) र सरकारि सार्वजनिक सम्पतिको प्रमुख तथा परिचालनमा उच्च सावधानी (due diligence) को अपेक्षित गरेको हुन्छ। यि प्रतिवादीहरुले गरेको बयानमा प्रतिवादी टिका प्रसाद भट्टलाई उपरोक्त अनुसारको दोहोरो तेहरो अनुचित सुविधा रकम भुक्तानी गरेको तथ्य स्वीकार गरेको देखिन्छ। एउटा सामान्य कार्यालयमा कुनै एक कर्मचारीले दोहोरो तेहरी अनुचित सुविधा प्राप्त गरेको छ छैन भन्ने तथ्य कार्यालयको लेखा श्रेस्तावाट जानकारी हुदाँ हुदै भुक्तानी दिने र पछी कसूरजन्यकार्यवाट उन्मुक्ति प्राप्त गर्न बेरुजुको रुपमा परिभाषा गरि केहि रकम स्वयं प्रतिवादीले भुक्तानी फिर्ता गरेको कै आधारमा उन्मुक्ति दिन मिल्ने अवस्थालाई प्रश्रय दिने हो भने भ्रष्टाचारजन्य कार्यले विकराल रुप ग्रहण गर्न सक्ने अवस्थाले अदालतले विश्लेषन गरि "Public accountability", "duty of care", "willful blindness" तथा "reckless disregard" जस्ता न्यायिक सिद्धान्तहरुको दायरावाट परिक्षण गरि प्रतिवादीहरुको आपराधिक मनसाय, परिस्थितिजन्य प्रमाणबहरु समेतको समग्र मुल्यांकनको आधारमा दावी लिईएका Fact in Issuue हरुको पहिचान गरि आधार कारन सहित फैसला गर्नु पर्नेमा मिशिल संलग्न प्रति ब्यक्ति कसुरजन्य कार्य तथा सो सँग सम्वद्ध प्रमाणहरुलाई अन्देखा गरी प्रतिवादीहरु अमरबहादुर थापा, नारायणप्रसाद भण्डारी, सुरेशकुमार वाग्ले, लेखा प्रमुखहरू यमलाल बेलवासे र सुरेशप्रसाद दाहाललाई आरोप दावीबाट सफाइ हुने ठहर गरि भएको फैसला त्रुटीपुर्ण देखिदा बदर भागी छ।<br>• प्रस्तुत मुद्दामा प्रतिवादी मध्येका टीकाप्रसाद भट्टले विभिन्न सरकारी कार्यालयबाट काज तथा बैठकमा सहभागी भएको देखाई भ्रमण तथा बैठक भत्ता लिएको, आफु कार्यरत कार्यालयको समानान्तर समयमा अन्य कार्यालयबाट समेत काज तथा भत्ता लिएको तथ्यबाट अनुचित भुक्तानी लिई फाइदा प्राप्त गरेको तथ्य स्थापित भएको देखिदा देखिदै तत्कालीन कार्यालय प्रमुख लेखा प्रमुख समेतका पदाधिकारीहरूले भुक्तानीमा सहमति दिएको देखिन्छ। प्रस्तुत मुद्दाको उजुरी परि अनुसन्धान शुरु भए पश्चात यि प्रतिवादीहरुले टीकाप्रसाद भट्टको दोहोरो सुविधा लिएको पछि देखिएको भन्ने नयाँ परिस्थिति सृजना गरि बेरुजु दाखिलाको आधार बनाई जानि जानी दोहोरो काज स्वीकृत गर्ने, भुक्तानी दिने बदनियतपुर्ण कार्यमा संलग्न प्रतिवादीहरु अमरबहादुर थापा, नारायणप्रसाद भण्डारी, सुरेशकुमार वाग्ले, लेखा प्रमुखहरू यमलाल बेलवासे र सुरेशप्रसाद दाहाललाई आरोपदावीवाट नै सफाई हुने ठहर गरी भएको फैसला त्रुर्टिपूर्ण भई वदरभागी छ।<br>• भ्रष्टाचारजन्य कसूरमा कानूनको उद्देश्य केवल सार्वजनिक वा संस्थागत सम्पत्तिको विगो असुलउपर गर्नु मात्र नभई समाजमा स्वच्छ प्रशासन कायम राख्ने, सार्वजनिक पद धारण गर्ने व्यक्तिमा उच्च नैतिकता र जवाफदेहिता कायम गर्ने तथा भ्रष्टाचारजन्य कार्यको पुनरावृत्ति निरुत्साहित गर्न दण्डको प्रभाव (deterrent effect) सिर्जना गर्ने समेत रहेको सर्वोच्च अदालतले ने.का.प. २०६३, अङ्क ५, निर्णय नं. |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | गरिपाउन र निज प्रतिवादी सुरेशकुमार वाग्लेलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा विगो रू.४,७९,५५०।- (अक्षेरपि चार लाख उनासी हजार पाँच सय पचास रूपैयाँ) कायम गरी सोही ऐनको दफा १७ बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (घ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिबाना सजाय हुन समेत व्यहोराको मागदावी लिई विशेष अदालत समक्ष मुद्दा दायर हुन भएको देखिन्छ।<br>**फैसला**<br>विशेष अदालत, काठमाडौंबाट प्रतिवादी मध्येका टीकाप्रसाद भट्टको हकमाः- निज प्रतिवादी टीकाप्रसाद भट्टले नगर विकास समिति, रामेछापमा अस्थायी नायब सुब्बा पदमा कार्यरत रहेको अवस्थामा सम्बन्धित निकायको अनुमति नलिई कान्तिपुर पब्लिकेशन प्रा.लि.मा अस्थायी तथा स्थायी रूपमा नियुक्ति लिई कार्य गरेको, साथै सहकारी संस्थामा संलग्न भई तथा बीमा अभिकर्ताका रूपमा समेत कार्य गरी क्रमशः रु.४२,३४,०४१/-, रु.७,५५,८०५/- र रु.७,३०,५८४/- गरी जम्मा रु.५७,२०,४३०/- बराबरको रकम प्राप्त गरेकोमा उक्त रकम हिनामिना हानी नोक्सानी पुर्याएकोले निज प्रतिवादीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १४ बमोजिमको कसूरमा विगो रु.५७,२०,४३०/- कायम गरि सोही दफा १४ बमोजिम ५ (पाँच) महिना कैद र रु.४०,०००/- जरिबाना हुने तथा निजले गैरकानूनी रूपमा प्राप्त गरेको विगो रु रु.५७,२०,४३०/- जफत गरी सो बराबरको रकम निजबाट असूलउपर गर्ने ठहर गरि फैसला भएको देखिन्छ। यसैगरी निज प्रतिवादी टीकाप्रसाद भट्ट सरकारी कर्मचारीको रूपमा कार्यरत रहेको अवस्थामा पत्रकारको हैसियतमा विभिन्न सरकारी कार्यालयबाट भ्रमण भत्ता तथा बैठक भत्ताबापत रकम लिएको/खाएको तथ्य प्रमाणित भएकोले विगो रु.३,०४,६५०/- मध्ये रु.९५,०००/- राजस्वमा दाखिला भइसकेको देखिएकोले बाँकी रु.२,०९,६५०/ भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम ३ (तीन) महिना कैद, | | ७७०७ प्रतिपादित नजिर सिद्धान्त विपरित प्रतिवादीहरु अमरबहादुर थापा, नारायणप्रसाद भण्डारी, सुरेशकुमार वाग्ले, लेखा प्रमुखहरू यमलाल बेलवासे र सुरेशप्रसाद दाहाललाई आरोपदावीवाट नै सफाई दिने गरी भएको विशेष अदालतको फैसला त्रुटिपूर्ण भई वदरभागी रहेकोले उक्त फैसला वदर गरी प्रतिवादीहरुलाई आरोपदावी वमोजिम नै सजाय गरीपाउँ ।<br>• अत; प्रस्तुत मुद्दामा माथी उल्लेखित आधार र कारण र सर्वोच्च अदालतवाट प्रतिपादित नजिर सिद्धान्त समेतका आधारमा प्रतिवादीहरु अमरबहादुर थापा, नारायणप्रसाद भण्डारी, सुरेशकुमार वाग्ले, लेखा प्रमुखहरू यमलाल बेलवासे र सुरेशप्रसाद दाहाललाई आरोपदावीवाट नै सफाई दिने गरी भएको विशेष अदालतको फैसला त्रुटिपूर्ण भई वदरभागी रहेकोले उक्त फैसला वदर गरी प्रतिवादीहरुलाई आरोपदावी वमोजिम नै सजाय गरीपाउँ । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | रु.२,०९,६५०/- जरिबाना हुने र सोही बराबरको बिगो समेत निजबाट असूलउपर गर्ने ठहर भएको देखिन्छ। यसैगरी, निज प्रतिवादी टीकाप्रसाद भट्टले सरकारी सेवामा कार्यरत रहँदा दोहोरो/तेहेरो रूपमा भ्रमण भत्ता लिएको तथा अस्थायी रूपमा कार्यरत रहेको अवस्थामा कानूनबमोजिम नपाउने ग्रेडबापतको रकमसमेत लिई सरकारी निकायलाई रु.८,९८,७६६/- बराबरको हानि-नोक्सानी पुऱ्याई आफूलाई गैरकानूनी लाभ प्राप्त गरेको तथ्य पुष्टि हुन आएकोले निज प्रतिवादीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा रु.८,९८,७६६/- कायम गरि सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम तत्काल प्रचलित सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (ङ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधनसहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम २ (दुई) वर्ष ३ (तीन) महिना कैद तथा दफा ३(१) बमोजिम रु.८,९८,७६६/- जरिबाना हुने र निजले सरकारी निकायलाई पुऱ्याएको रु.८,९८,७६६/- बिगोसमेत सोही ऐनको दफा १७ बमोजिम निजबाट असूलउपर हुने ठहर गरि फैसला भएको देखिन्छ।<br>आरोप पत्रमा प्रतिवादी कायम गरिएका अन्य प्रतिवादीहरू अमरबहादुर थापा, सुरेशकुमार वाग्ले, नारायणप्रसाद भण्डारी, सुरेशप्रसाद दाहाल र यमलाल बेल्वासेलाई आरोपदाबीबाट सफाइ हुने ठहर गरि फैसला भएको देखिन्छ। | | |